म.जि.प्र.का दर्ता नः
१04/0६७/0६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/0६९/0७०

वर्ष:१५ अङ्क:- ३३३ २०८१ असार ३१ गते सोमबार 15 July 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-




# केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त



काठमाडौंः राष्ट्रपति रामचन्द्र पौडेलले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीमा नियुक्त गरेका छन् । राष्ट्रपतिले दिएको समयसीमा आइतबार अपरान्ह ५ बजे सकिएपछि राष्ट्रपतिले ओलीलाई संविधानको धारा ७६ को उपधारा २ बमोजिम नियुक्त गरेका हुन् । राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार प्रधानमन्त्री ओलीको शपथ सोमबार ११ बजे हुने तय गरिएको छ ।

ओली २०४८ सालबाटै संसदमा निर्वाचित हुँदै आएका ओली हाल झापा ५ का सांसद हुन् । उनले २०६४ सालको संविधान सभा चुनाव बाहेक अन्य सबै जित्दै आएका छन् । ओली पहिलोपटक २०५१ मा मनमोहन अधिकारी नेतृत्वको नौ महिने सरकारमा गृहमन्त्री भए भने दोस्रो जनआन्दोलनपछि गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा उपप्रधान तथा परराष्ट्रमन्त्री भएका थिए । त्यसपछि उनी २०७२ साल असोज २४ मा पहिलो पटक प्रधानमन्त्री बने । २०७४ मा दोस्रो र २०७८ सालमा केही समयका लागि तेस्रो कार्यकालका लागि प्रधानमन्त्री बने । २०७१ सालको नवौं महाधिवेशपछि १० वर्षदेखि ओली एमालेको अध्यक्ष छन् ।

चौथो पटक प्रधानमन्त्री बनेका ओलीले सोमबार नै मन्त्रिपरिषद्लाई पूर्णता दिने तयारी गरेका छन् । कांग्रेस र एमाले मन्त्रालय भागबन्डा र मन्त्रीहरूको छनोटमा व्यस्त छन् । मधेशकेन्द्रित पाँच दल जनता समाजवादी पार्टी, जनता समाजवादी पार्टी (नेपाल), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति पार्टी (नाउपा) र जनमत पार्टीलाई पनि सोमबार नै सरकारमा सहभागी गराउने गरी कांग्रेस र एमालेबीच समझदारी भएको छ ।

कांग्रेस र एमालेबीच मन्त्रालय भागबन्डामा करिब-करिब समझदारी बनिसकेको छ । कुल २१ मन्त्रालयमध्ये सरकारको नेतृत्व गर्ने एमालेले अर्थसहित ८ मन्त्रालय र कांग्रेसले ९ मन्त्रालय लिने मोटामोटी समझदारी बनेको हो । बाँकी चार मन्त्रालय मधेशकेन्द्रित दललाई छुट्याइएको छ । कांग्रेसले गृह र परराष्ट्रका अतिरिक्त ऊर्जा-जलस्रोत तथा सिँचाइ, सहरी विकास, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, कानुन न्याय तथा संसदीय मामिला, संघीय मामिला तथा सामान्य प्रशासन र अर्को कुनै एक मन्त्रालय लिने गरी छलफल अघि बढेको छ भने एमालेले अर्थ, सञ्चार तथा सूचना प्रविधि, भौतिक पूर्वाधार तथा यातायात, शिक्षा, विज्ञान तथा प्रविधि, रक्षा, श्रम, रोजगार तथा सामाजिक सुरक्षा र युवा तथा खेलकुद मन्त्रालय लिने मोटामोटी समझदारी छ । *स्रोतः इकान्तिपुर ।*

# एकैदिन ३ जना मृत फेला

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको २ जिल्लामा एकैदिन ३ जना मृत फेला परेका छन् । प्रदेशको धादिङ र नुवाकोट जिल्लामा ३ जना मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-३, शितलबजारमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा सोलुखुम्बु जिल्ला दूधकुण्ड नगरपालिका-२, शेर्पा समाज बस्ने ६० वर्षीय चिया शेर्पा रहेको प्रहरीले जानकारी दिएको छ ।

शनिबार त्रिशुली नदीमा तैरिरहेको अवस्थामा शेर्पा मृत फेला परेका थिए । मुचुल्कापश्चात् शेर्पाको शव पोष्टमार्टमको लागि टिचिङ अस्पताल काठमाडौं लगिएको प्रहरीले जानकारी दिएको छ ।

धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-३, मलेखुमा एक जना महिला मृत फेला परेकी छन् । मृत फेला पर्नेमा सप्तरी जिल्ला सुरुङ्गा नागरपालिका-२ बस्ने ५० वर्षीया चुनादेवी विक रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार बिहान १ बजेको समयमा विक आफू सुत्ने कोठाभित्र भुईंमा मृत अवस्थामा फेला परेकी थिइन् ।

नुवाकोट जिल्लाको लिखु गाउँपालिका-५, पहरेखेतमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा पञ्चकन्या गाउँपालिका-१, आँपचौर बस्ने ६५ वर्षीय अक्करबहादुर राई रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार बिहान ६ बजेको समयमा लिखु खोलामा राई मृत फेला परेको थिए ।




## हेटौंडा अस्पतालका १६२ कर्मचारी कटौती

# साउन १ गतेदेखि सेवा प्रभावित हुने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकार मातहतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको हेटौंडा अस्पतालमा कार्यरत १६२ जना कर्मचारी कटौती गरिएको छ । बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयसमेत सम्हालिरहनुभएका मुख्यमन्त्री शाकिलराम जम्कट्टेलले हेटौंडा अस्पतालमा कार्यरत अस्थायी दरबन्दीका १६२ जना कर्मचारी कटौती गर्नुभएको हो ।

विशेषज्ञ चिकित्सकसहित ठूलो संख्यामा जनशक्ति कटौति भएसँगै हेटौंडा अस्पतालको सेवा प्रभावित हुने भएको छ । दैनिक १ हजार २ सय भन्दा बढी सेवाग्राही बहिरंगतर्फ रहेको, २ सय भन्दा बढी आकस्मिक कक्षमा सेवाग्राही रहेको हेटौंडा अस्पतालमा कुल ४ सय २५ जना जनशक्तिमध्ये झण्डै आधा कटौति हुँदा सेवामा गम्भीर समस्या देखिन सक्ने आँकलन गरिएको छ ।

मन्त्रालयले अस्पतालमा २०८० असोजमा नियुक्ति लिएर काम गर्दै आएका १६२ जना कर्मचारीको करार अवधि नवीकरण नगर्ने निर्णय गरेसँगै उनीहरु स्वतः कटौतीमा परेका हुन् । मन्त्रालयले हेटौंडा अस्पतालका लागि चालु आर्थिक वर्षमा नियुक्त गरिएको १६२ जना प्रशासनिक र प्राविधिक जनशक्तिको करार अवधि थप नगर्ने निर्णय गरेको हो । मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सम्हाल्दै आउनुभएको बेला गत बिहिबार निर्णय गर्दै मन्त्रालय र मातहत कार्यालयमा चालु आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीको असार मसान्तपश्चात् करार अवधि थप नगर्ने जानकारी गराएको थियो । सो निर्णय अनुसार हेटौंडा अस्पतालमा कार्यरत १६२ जना जनशक्ति कटौती हुने हेटौंडा अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट (मेसु) डा. श्रीधर अर्यालले जानकारी दिनुभयो । मन्त्रालयले जनशक्ति कटौतिको निर्णय गरे पनि अस्पतालले सेवा प्रवाहलाई सहज बनाउने उपायबारे छलफल गरिरहेको उहाँले बताउनुभयो ।

मन्त्रालयको परिपत्रअनुसार हेटौंडा अस्पतालले पनि सूचना जारी गर्दै म्याद थप नहुने जनाएको छ । १६२ जना जनशक्ति कटौती हुने भएसँगै अस्पतालमा जनशक्तिको चरम अभाव हुने निश्चित भएको छ । अस्पतालको सेवा विस्तार र गुणस्तर वृद्धिका लागि चालु आर्थिक वर्षमा मन्त्रालय र लोकसेवा आयोगसँगको समन्वयमा विज्ञापन गरी ती कर्मचारीहरु नियुक्त गरेको हेटौंडा अस्पताल विकास समितिका अध्यक्ष राजेश प्रसाईंले जानकारी दिनुभयो ।

उहाँका अनुसार अस्पतालको सेवा प्रवाह प्रभावित हुनेगरी मन्त्रालयले उक्त निर्णय गरेको हो । १६२ जना जनशक्ति कटौती हुँदा साउन १ गतेबाट अस्पतालको सबै तहको सेवा प्रवाह प्रभावित हुने उहाँको भनाइ छ । १६२ जना कर्मचारीमध्ये ८० प्रतिशत कर्मचारी प्राविधिक रहेको उहाँले बताउनुभयो । अस्पतालको सेवा विस्तार पछि गुणस्तर वृद्धिका लागि सो कर्मचारी खटाइएको थियो ।

### हरेक वर्ष उही समस्या

गत वर्ष पनि अस्पतालको १४४ कर्मचारी कटौती गरिएको थियो । प्रदेश सरकारले बजेट कटौती गरेको र कर्मचारीलाई तलब भत्ता उपलब्ध गराउन नसकिने भन्दै प्राविधिक र प्रशासनिक १४४ कर्मचारी हटाउने निर्णय भएको थियो ।

प्रदेश सरकारले सो कर्मचारीको तलब भत्ताको बजेट सोझै अस्पतालमा पठाएसँगै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले आर्थिक वर्ष २०७९/०८० मा भर्ना गरेको सो कर्मचारीहरु हटाइएको थियो । सो कर्मचारी हटाएर चालु आर्थिक वर्षको २ महिना अस्पतालको सेवा प्रभावित बनेको थियो । अस्पतालको सेवा थप प्रभावित हुन नदिन हटाइएका १४४ कर्मचारी मध्ये अधिकांशले २ महिना सयम्सेवकको रुपमा काम गरेका थिए । २०८० को साउन र भदौ महिनामा उनीहरुले बिना तलब काम गरेका थिए । असोजमा हेटौंडा अस्पतालतर्फबाट दैनिक ज्यालादारीमा नियुक्ति लिएपछि मात्र उनीहरुले तलब पाएका थिए ।

यता मन्त्रालयले सो कर्मचारीहरुको भर्ना प्रक्रिया प्रतिष्ठानबाट हटाएर अस्पतालमा नै कायम गरेको थियो । असोज अन्तिम सातामा मन्त्रालयबाट निर्धारित १४४ मध्ये १३० कर्मचारीका लागि अस्पतालबाट

*...बाँकी पृष्ठ ३ मा*



## सम्पादकीय

# खर्चिलो बन्दै प्रदेश

मुलुकमा संघीयता कार्यान्वयनसँगै तीन तहको शासन व्यवस्था रहेको छ । संघ, प्रदेश र स्थानीय तहमा तीनवटै सरकार र राज्यका प्रमुख अंगहरु छन् । संविधानले तीनै तहका सरकारलाई विभिन्न अधिकार प्रदान गरेको छ । देशको समानुपातिक र सन्तुलित विकासलाई केन्द्रिकृत शासन व्यवस्थाले पर्याप्त ध्यान दिन नसकेको भन्दै संघीय शासन व्यवस्था लागू गरिएको हो । संघीय शासन व्यवस्थाअन्तर्गतका ७ वटा प्रदेश सरकारले आ-आफ्नो प्रदेशको विकास निर्माणका कामका साथै आम नागरिकलाई सहजरुपमा प्रशासनिक सेवा प्रदान गरेर प्रतिस्पर्धात्मक विकासको पथमा अघि बढ्ने अपेक्षा गरिएको थियो । यसकारण पनि संघीय संरचनाअनुसार गठन भएको प्रदेश सरकारसँग आम नागरिकको अपेक्षा धेरै हुनु स्वभाविक हो । तर, राजनीतिक खिचातानी र प्रभावकारी व्यवस्थापनको अभावमा प्रदेश सरकारले अपेक्षित काम गर्न सकेको छैन । प्रदेश तहले गरेको खर्चको अनुपातमा उपलब्धी दिन नसकेको गुनासो बढ्दै गएको छ ।

नेपालजस्तो सानो देशमा ७ वटा प्रदेश आवश्यक नभएको चर्चा र बहस हुने गरेको छ । प्रदेश तह राजनीतिक दलहरुले नेता तथा कार्यकर्ता व्यवस्थापन गर्ने थलोको रुपमा प्रदेशलाई प्रयोग गरिरहेको आरोपसमेत लाग्दै आएको छ । प्रदेश तहको संरचना खर्चिलो हुँदै गएको र देशको अर्थतन्त्रले त्यसलाई धान्न नसक्ने धारणा पनि कतिपयको छ । आफ्नो आन्तरिक आम्दानी अत्यन्तै न्यून रहेका प्रदेशले संघीय सरकारबाट प्राप्त बजेट परिचालन गर्नुपर्ने बाध्यता छ । त्यो बजेटमध्ये पनि ठूलो रकम कर्मचारीको तलब, भत्ता, सवारी साधन, घरभाडालगायत प्रशासनिक क्षेत्रमा खर्च गर्नुपर्ने भएकाले प्रदेश संरचना खर्चिलो बनिरहेको छ । अधिकारसम्पन्न स्थानीय सरकार र संघीय सरकारको बिचमा बसेर प्रदेश सरकारले खर्च बढाउने काममात्र गरिरहेको देखिन्छ ।

बागतमी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/०८१ मा कर्मचारी तथा पदाधिकारी भत्ता र सवारी साधनको इन्धनमा मात्र ५० करोड रुपैयाँभन्दा बढी खर्च गरेको छ । चालु आर्थिक वर्षमा कुल ४५ अर्ब ६७ करोड रुपैयाँ खर्च गरेको प्रदेश सरकारले विनियोजित बजेटको २३ प्रतिशत खर्चै गर्न सकेन । प्रदेश सरकारले चालुतर्फ १७ अर्ब १२ करोड र पुँजीगततर्फ ८ अर्ब ५४ करोड रुपैयाँ खर्च गरेको छ । प्रदेश सरकारले कर्मचारी पारिश्रमिकमा २ अर्ब ५ करोड र पदाधिकारी पारिश्रमिकमा १२ करोड रुपैयाँ खर्च गरेको छ । यस्तै, पोशाक शीर्षकमा ५ करोड ५५ लाख र खाद्यान्नबापत ६ करोड ६९ लाख रुपैयाँ खर्च गरेको छ । प्रदेश सरकारले भत्ता शीर्षकमा मात्र २५ करोड २५ लाख रुपैयाँ खर्च गरेको छ । स्थानीय, महंगी, कर्मचारी बैठक, पदाधिकारी बैठक तथा अन्य भत्ता र सुविधाका लागि प्रदेश सरकारले ३७ करोड ३७ लाख रुपैयाँ विनियोजन गरेको थियो । भएको थियो । प्रदेश सरकारले चालु आर्थिक वर्षमा मन्त्रालय र मातहतका निकायका लागि २४ करोड ८१ लाख रुपैयाँ इन्धन खर्च गरेको छ । यस्तै, अनुगमन खर्च ११ करोड रुपैयाँ भएको छ । प्रदेश सरकारले २ करोड ८४ हजार रुपैयाँ भ्रमण खर्च गरेको छ । प्रदेश सरकारले ९ करोड ७८ लाख रुपैयाँ घरभाडाका लागि खर्च गरेको छ ।

बागमती प्रदेश सरकारले गरेका खर्चजस्तै अन्य प्रदेशमा पनि खर्च हुने गर्दछ । सबै प्रदेशमा हुने यस्ता खर्च जोड्दा दशौं अरबको हाराहारी हुन्छ, जुन खर्च प्रदेश संरचनाकै कारण भएको हो । यदि प्रदेश संरचना हुँदैनथ्यो भने यस्ता अतिरिक्त खर्च पनि हुँदैनथ्यो । यसबाट प्रदेशसहितको संघीयता मुलुकको लागि खर्चिलो बन्दै गएको स्पष्ट हुन्छ । प्रदेशमा भएको खर्चको तुलनामा प्रदेश सरकारले प्रभावकारी काम गर्न सकेको भए पनि आम नागरिकले चित्त बुझाउँथे । तर, सातैवटै प्रदेशमा ५५० जना सांसद, ७ जना मुख्यमन्त्री, करिब एक सय जना मन्त्री, एक सय जति नै मन्त्रालय र त्यसअन्तर्गत्का कार्यालयहरुले गर्ने खर्च देशको अर्थतन्त्रले धान्न मुस्किल पर्ने निश्चित छ । देशको अर्थतन्त्र सबल बन्न नसकिरहेको अवस्थामा प्रदेशले गर्ने साधारण खर्च न्यूनीकरण गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : रोकिएका कामहरुको निकास मिल्ने समय छ ।
**वृष** : मन भावुक र आनन्दमा समय व्यतित होला ।
**मिथुन** : तिर्थव्रत र देवालयको भ्रमण हुने समय छ ।
**कर्कट** : पारिवारीक वातावरणले सहयोग गर्लान् ।
**सिंह** : आर्थिक दृष्टिले ठिकै रहेको समय छ ।
**कन्या** : कर्मक्षेत्रमा सोचे अनुरुप उन्नति होला ।
**तुला** : धार्मिक यात्रा योगमा सरिक भइने छ ।
**वृश्चिक** : ज्ञान र अनुभूतिमा वृद्धि हुने समय छ ।
**धनु** : प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ ।
**मकर** : पितृ सम्मानका लागि आकर्षण बढ्ने छ ।
**कुम्भ** : रोमान्सका लागि समय निकाल्दा राम्रैं ।
**मीन** : शरीरमा अस्वस्थता बढ्ने समय योग छ ।

# सार्वजनिक प्रशासन : छैन नीति, सधैंको बेथिति





**✍प्रकाश भट्टराई**

मुलुकको सार्वजनिक व्यवस्थापनमा राजनीति र प्रशासन दुवै महत्वपूर्ण अवयव हुन् । राजनीति जनमतका माध्यमबाट शासनमा स्थापित हुन्छ भने प्रशासन प्रतिस्पर्धात्मक परीक्षा प्रणालीबाट । राजनीति मूलतः विधि निर्माण तथा नीति निर्माणमा संलग्न हुने हो, प्रशासन चाहिं तर्जुमा गरेका विधि र नीतिको कार्यान्वयनमा क्रियाशील हुनुपर्दछ । तर व्यावहारिक रूपमा राजनीति पनि नीति कार्यान्वयनबाट निरपेक्ष बस्न सक्दैन किनकि शासनको प्रभावकारिता यसैमा देखिन्छ ।

प्रशासनले पनि नीति निर्माण प्रक्रियामा सहभागी हुनै पर्दछ किनकि नीति निर्माणमा प्रशासनिक विज्ञता आवश्यक हुन्छ । जे भए पनि शासनलाई नागरिकमुखी तथा परिणाममूलक बनाउन दुवै क्षेत्रले साझा प्रयास गर्नुपर्ने हुन्छ । आपसी सम्बन्ध र सहकार्यबाट नै राजनीति र प्रशासन दुवैले सक्षमता एवम् सफलता हासिल गर्न सक्दछन् भन्ने मान्यता र हेको छ । तर नेपालको परिदृश्य भने अलिक फरक छ ।

नेपालमा राजनीतिले स-साना प्रशासनिक काममा चासो देखाउने मात्र होइन, हस्तक्षेप नै गर्ने गरेका तथ्यहरू सार्वजनिक हुने गरेका छन् । उता कर्मचारीबाट पनि राजनीतिक क्षेत्रका काममा अनावश्यक चासो देखाउने गरेको भन्ने आरोप लाग्ने गरेको छ ।

राज्यका जिम्मेवार निकाय एवम् पदाधिकारीहरूले गर्नुपर्ने काम नगर्ने र नगर्नुपर्ने काम गर्ने गरेका कारण आज नेपालको राज्य प्रणालीका संयन्त्र एवम् संस्थाहरूको गरिमा क्षयीकरण हुँदै गएको, ओझ घटेको र विश्वासमा संकट उत्पन्न भएको छ । यसबाट अराजकता, बेथिति, नैराश्यता छाएको छ । यसर्थ सरकार र शासन प्रकियामा संलग्न पात्रहरूले आफ्ना क्रियाकलापलाई जनमुखी, उत्तरदायी एवम् पारदर्शी बनाउँदै राज्य र शासकीय संयन्त्रहरुप्रति जनविश्वास अभिवृद्धि हुने वातावरण सिर्जना गर्नु अति आवश्यक भइसकेको छ ।

यसका लागि जनउत्तरदायी सरकार, कुशल राजनीतिक नेतृत्व, सक्षम र सहयोगी प्रशासन, चुस्त राज्य संयन्त्रको आवश्यकता पर्दछ । यसै गरी समयसापेक्ष कानुन र कानुनको न्यायसम्मत कार्यान्वयनको सुनिश्चितता पनि जरूरी छ । नेपाल लोकतान्त्रिक संसदीय शासन प्रणाली भएको देश भएकाले हाम्रो राज्य सञ्चालनमा विधि, पद्धति, नीति र थितिको महत्व अधिक छ ।

लोकतान्त्रिक व्यवस्थामा शासनको जिम्मेवारी लिन जनमत र शासन सञ्चालनमा जनभावना मुखरित हुनुपर्दछ । यसको आधार कानुनी राज्य भएकाले राज्य सञ्चालनकर्ताले कानुनको पालना गर्नु/गराउनु नितान्त जरूरी हुन्छ ।

देशमा २०४६ सालको जनआन्दोलन पश्चात् २०४७ सालमा संविधान जारी भयो, २०४८ सालमा संसद्को र २०४९ सालमा स्थानीय निकायको निर्वाचन सम्पन्न भयो। २०४९/५० सालसम्म नयाँ परिवेश अनुसारका सबै कानुन, नीति-नियम निर्माण भए । बहुलवाद, लोकतन्त्र, मानवअधिकार, वैयक्तिक स्वतन्त्रता, समावेशीकरण, सामाजिक न्याय, विकास र नागरिकको जीवनस्तर सुधारमा सकारात्मक परिवर्तन पनि भए । २०६२/६३ को लोकतान्त्रिक आन्दोलनले सार्थकता प्राप्त गरेसँगै थप नागरिक अधिकार स्थापित भए ।

२०५२ सालमा शुरू भएको द्वन्द्वको शान्तिपूर्ण अवतरण भई मुलुकलाई शान्ति र परिवर्तनको मार्गमा अगाडि बढाउने प्रयासको शुरुआत भयो। तर संविधान तथा कानुन निर्माण प्रक्रिया सहज रूपमा अगाडि बढ्न सकेन । दुई पटक संविधानसभाको निर्वाचन भएपश्चात् बल्लतल्ल संविधान त बन्यो, तीनै तहको दुई-दुई पटक निर्वाचन भइसक्दा समेत संविधानले व्यवस्था गरेको संघीय शासन प्रणालीको कार्यान्वयनका लागि अति आवश्यक कानुनहरु बन्न सकेका छैनन् ।

तीनै तहका सरकारका काम, कर्तव्य र अधिकार बाँडफाँडका लागि संवैधानिक रूपमा व्यवस्था गरिएका अधिकार सूचीको व्यवस्था गरिएको छ। मुख्य रूपमा संघलाई नीति निर्माण र समन्वयको जिम्मेवारी प्रदान गरिएको छ। त्यसैगरी प्रदेश तहलाई भौतिक पूर्वाधार विकास र स्थानीय तहलाई प्रत्यक्ष नागरिक सेवा प्रवाहको जिम्मेवारी प्रदान गरिएको देखिन्छ । तर संविधान बमोजिम तीन तहका सरकारका एकल तथा साझा अधिकार सूची अनुरूप कार्य विस्तृतीकरण गरी आवश्यक कानुन निर्माण तथा कार्यान्वयनमा तहगत सरकारका बीच सामञ्जस्यता कायम गर्न सकिएको छैन ।

राष्ट्र सेवकको क्षमता अभिवृद्धि गर्दै संवैधानिक उद्देश्य प्राप्तिमा राष्ट्रसेवकको योगदान र भूमिका बढाउन सार्वजनिक सेवाको महत्वपूर्ण मानकको रुपमा रहेको र अन्य सरकारी तथा अर्ध सरकारी सेवाहरुका लागि समेत मार्गदर्शक हुने निजामती सेवासँग सम्बन्धित नीति, नियम समयानुकूल परिमार्जन गर्ने कार्य हुनसकेका छैनन् । संघीय शासन अनुरूपको प्रशासनिक संरचना निर्माणमा विलम्ब भएको छ ।

एक्काइसौं शताब्दीको वर्तमान समयका आवश्यकतालाई सम्बोधन गर्न सक्ने गरी सेवाको विशिष्टीकरण, गुणस्तर एवम् प्रभावकारिता अभिवृद्धि गर्दै क्षतिपूर्ति सहितको नागरिक सेवाको सुनिश्चितता कायम गर्न सकिएको छैन ।

कानुन निर्माणको विलम्बता, प्रशासनिक नीति र दूरदृष्टिको अभावमा मुलुकी प्रशासन तदर्थवादमा चलेको छ । बेथितिमा रुमलिएको छ। बाह्रैमास हुने सरुवाले अस्थिरता बढाएको छ । एउटै कर्मचारीको २४ घण्टामा दुई पटक सरुवा भएको उदाहरण भेटिएका छन् । सचिवदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीले यस्तो समस्या भोगेका छन् ।

तीनै तहका सरकारका सबै कार्य जिम्मेवारीको कार्यान्वयन गर्ने कर्मचारी संयन्त्रलाई सञ्चालन गर्ने कानुनको अभावले आवश्यक जनशक्तिको आपूर्तिदेखि व्यवस्थापनसम्मका विभिन्न चुनौती सिर्जना भएका छन् । कर्मचारीका बढुवा लगायत वृत्ति विकासका मार्ग पूर्णतया अवरुद्ध छन् ।

देशभर सेवा गर्न पाउने विश्वासमा निजामती सेवा ऐन, २०४९ बमोजिम निजामती सेवामा प्रवेश गरे पनि प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको बढुवाका माध्यमबाट भए पनि संघीय निजामती सेवामा फर्कने आशामा तुषारापात भएको छ । प्रदेश निजामती सेवा ऐनले प्रदान गरेका सेवा सुविधा र बढुवा लगायत वृत्ति विकासका व्यवस्थामा पनि अन्योल कायम छ ।

सङ्घीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन जारी गरेर मात्र स्वेच्छिक रुपमा कर्मचारी समायोजन गर्नुपर्नेमा जबरजस्त रुपमा गरिएको समायोजनले नेपालको कर्मचारीतन्त्र तहसनहस जस्तै भएको छ । समायोजनले गर्दा कर्मचारीको घर एकातिर अनि परिवार र जागिर अर्कोतिर भएको छ । अन्तरप्रदेश सरुवा हुनसकेको छैन ।

समायोजित कर्मचारीको कामकाज सरुवाको व्यवस्थापन गर्न नसक्दा बढुवामा जटिलता थपेको छ । स्वास्थ्य सेवाका कर्मचारीको तलबभत्ता समेत समयमा भुक्तानी भएको छैन । प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूको निवृत्तिभरण लगायत समस्या बल्झिँदै गएका छन् । देशका विभिन्न स्थानमा कार्यरत कर्मचारी माथि कार्यक्षेत्रमा आक्रमणका घटना हुँदा ढुक्कसँग कामकाज गर्न कठिनाइ भएको छ ।

त्यति मात्र होइन, राज्यको अभिभावकका रूपमा रहेको राजनीतिक तहबाट नै कर्मचारीतन्त्र माथि प्रहार हुँदै आएको छ । यस्तै कारणहरूले सरकारका कामकारबाही र सेवा प्रवाह प्रभावकारी हुनसकेका त छैनन् नै कर्मचारीको मन पनि दुःखेको छ, कर्मचारीका बीच एकता टुटेको छ । तर शासन सत्ता सञ्चालनको मुख्य अभिभारा बोकेको राजनीतिक नेतृत्वले यो कुराको महसुस गर्न सकेको देखिंदैन ।

सिंहदरबारमा “नासुका आँसु देख्नु भएन माननीयज्यू !” भनेर राजपत्र अनंकित कर्मचारी रोदन गर्दा होस् वा माइतीघरमा स्थानीय तहका कर्मचारीले आफ्नो वेदना पोख्दा राजनीतिक नेतृत्वले सुनेन । यति मात्र होइन नेपाल कर्मचारी युनियन लगायतका ट्रेड युनियनहरूले बारम्बार कर्मचारीका समस्या र समाधानका उपाय देखाउँदा पनि पनि सरकारले बुझेन वा बुझ्न चाहेन ।

दुर्गम गाउँहरूमा नागिरकलाई ज्वरो आउँदा सिटामोल खुवाउने, बुढा बा-आमाहरूको हातमा वृद्ध भत्ता पुर्‍याउने वा नागरिकलाई सरकारको अनुभूति दिलाउने कर्मचारी एउटै पद/एउटै कुर्सीमा १८/२० वर्ष बसेर राष्ट्र सेवा गरेको छ तर उसको समस्यामा सिंहदरबार बेखबर छ । जीवनभर सरकारी सेवामा आफूलाई समर्पित गरेको कर्मचारी बा-आमा बिरामीको औषधिमुलो गर्नुपर्दा वा छोराछोरीलाई पढाउँदा आफ्नो पुर्ख्यौली सम्पत्ति बेच्नुपर्ने वा ऋण खोज्नुपर्ने बाध्यतामा पर्ने कुरामा उच्चअधिकारी अनभिज्ञ जस्तै देखिन्छन् ।

समस्या कर्मचारीका हुन् वा आमनागरिकका राजनीतिक नेतृत्व गम्भीर देखिंदैन । “रामराज्य” को सपना देखाएर चुनाव जित्नेहरू “रामभरोसा” मा राज्य सञ्चालन गर्न उद्यत जस्तै देखिन्छन् । राजनीतिक नेतृत्वले अभिभावकत्व प्रदान गर्न सकेको छैन । प्रशासनिक नेतृत्व पनि राजनीतिक नेतृत्वलाई उपयुक्त सल्लाह दिन नसकेको देखिन्छ । समग्रमा भन्नुपर्दा राज्यको अपेक्षित उद्देश्य हासिल हुनसकेको छैन । जसले गर्दा नागरिकमा परिवर्तनको अनुभूति हुनसकेको छैन ।

प्रशासनिक संयन्त्रको कुरा गर्दा हाल संघमा संघीय निजामती सेवाका स्थायी र करारका कर्मचारी, प्रदेशमा संघबाट समायोजन भएका र पछि प्रदेश लोकसेवा आयोगको सिफारिसमा नियुक्त भएका स्थायी र करारका कर्मचारी छन् । त्यसैगरी स्थानीय तहमा साबिकका स्थानीय निकायहरु (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) बाट समायोजन भएका स्थायी, अस्थायी, करार र ज्यालादारी कर्मचारी, विभिन्न विकास समिति र प्रतिष्ठानका कर्मचारी, स्वास्थ्य सेवाबाट समायोजन भएका कर्मचारी, संसद् सेवाबाट समायोजन भएका कर्मचारी, निजामती सेवाबाट समायोजन भई आएका विभिन्न सेवा र समूहका कर्मचारी, त्यस्तै स्थानीय तहकै लागि लोक सेवा आयोगबाट सिफारिस भई आएका कर्मचारी, प्रदेश लोक सेवा आयोगले पदपूर्ति गरेका कर्मचारी, स्थानीय तहका आयोजना र कार्यक्रमका कर्मचारी, २०७४ सालपछि दरबन्दीमा नियुक्त भएका करारका कर्मचारी, २०७४ सालपछि दरबन्दी बाहिरका कर्मचारी र सङ्घीय सरकारले स्थानीय तहमा पठाइएका प्रमुख प्रशासकीय अधिकृत गरी लगभग १५ प्रकारका ७० हजार भन्दा बढी कर्मचारी कार्यरत रहेका छन् ।

यति धेरै थरीका कर्मचारीका साझा हित कायम हुने गरी प्रशासनिक व्यवस्थापनका लागि संघीय निजामती सेवा ऐन बनाउनु, बनेका प्रदेश निजामती सेवा ऐनको कार्यान्वयनलाई आधार प्रदान गर्नु र स्थानीय सेवा ऐन निर्माण गर्नु आजको प्रमुख चुनौती हो । यसका लागि संघीय निजामती सेवा ऐनमा एकपटकलाई समायोजन पुनरावलोकनको व्यवस्था गर्ने, संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवालाई सञ्चालन गर्न छुट्टाछुट्टै कानुनको व्यवस्था हुने भएतापनि “निजामती कर्मचारी” को परिभाषामा तीनै तहमा कार्यरत कर्मचारीलाई समेट्ने, निश्चित सेवा अवधि सेवा गरेपछि माथिल्लो श्रेणी/तहमा स्वतः बढुवा हुने स्वचालित बढुवा प्रणालीको व्यवस्था गर्ने, सरुवा प्रणाली स्वचालित र पूर्वअनुमानयोग्य बनाउने, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीको अन्तरप्रदेश सरुवाको व्यवस्था गर्ने, सहसचिव/उपसचिवको खुल्लातर्फको पदपूर्तिमा तोकिएको सेवाअवधि र शैक्षिक योग्यता भएका राजपत्र अनंकित कर्मचारीले पनि प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गर्ने, सेवामा रहेका कर्मचारीलाई सेवामा टिकाइराख्न र निजामती सेवामा सक्षम जनशक्ति आकर्षित गर्नका लागि पर्याप्त तलब एवम् समयसापेक्ष सुविधाको कानुनी सुनिश्चितता गर्ने, प्रभावकारी सेवा प्रवाहको सुनिश्चितताका लागि क्षतिपूर्ति सहितको नागरिक सेवाको प्रत्याभूति गर्ने लगायत नीति तय एवम् प्रदेश निजामती सेवा र स्थानीय सेवालाई मार्गदर्शन गर्नुपर्दछ ।

*(विद्यावारिधिरत लेखक नेपाल निजामती कर्मचारी युनियनका सचिव हुन् । स्रोतः अनलाईनखबर)*

# हेटौंडा उपमहानगरपालिकामा पूर्णखोप सुनिश्चित



समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका पूर्णखोप सुनिश्चित पालिका घोषणा भएको छ । आइतबार एक कार्यक्रमबिच हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाको अध्यक्षतामा पालिका पूर्णखोप सुनिश्चित घोषणा भएको हो ।

कार्यक्रममा जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रशासक कृष्ण मिजारले नगर प्रमुख लामालाई प्रमाणपत्र हस्तान्तरण गर्नुहुँदै पालिकालाई पूर्णखोप सुनिश्चित घोषणा गर्नुभएको हो । हेटौंडा उपमहानगरपालिकाले १६ महिनादेखि ५ वर्षका ७ हजार एकसय ८५ जना बालबालिकालाई पूर्णखोप लगाउन सफल भएको छ । यस्तै, आगामी वर्षमा २ हजार ९ सय ४१ जना बालबालिकालाई खोप लगाउने लक्ष्य बनाएको छ ।

खोप लगाउने क्रममा पालिकाले एउटा खोप पनि नलगाएका २ जना बालबालिका भेटिएको बताएको छ । अहिले ती बालबालिकालाई खोप लगाउन सुरु गरिसकेको पालिकाको भनाइ छ । हेटौंडा उपमहानगरपालिकामा २२ वटा स्वास्थ्य संस्था छन् ।

कार्यक्रममा पालिकाले १९ वटा वडाका वडा अध्यक्षलाई प्रमाणपत्र र वडा स्वयम्सेविकाहरुलाई सम्मान गरेको थियो । यस्तै, मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका पूर्णखोप सुनिश्चित घोषणा भएको छ । पालिकाले असार १२ गते ८ वटा वडा पूर्णखोप सुनिश्चित गरेकोमा जनस्वास्थ्य कार्यालय मकवानपुरले शुक्रबार पालिका पूर्णखोप सुनिश्चित घोषणा गरेको हो ।

घरधुरी सर्वेक्षण गर्दा खोप नलगाएका बालबालिका नभेटेपछि कार्यक्रममा जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रशासक कृष्णप्रसाद मिजारले प्रमाणपत्र प्रदान गर्दै पूर्णखोप सुनिश्चित भएको घोषणा गर्नुभएको थियो । कार्यक्रममा पालिकाका प्रमुख दोर्जे लामा स्याङ्तानको अध्यक्षता रहेको थियो । पालिकाका सबै बालबालिकाले नेपाल सरकारको तालिकाअनुसार खोप लगाएपछि पूर्णखोप सुनिश्चित भएको पालिकाका घोषणा भएको पालिकाका स्वास्थ्य शाखा प्रमुख ध्रुव लामिछानेले बताउनुभयो ।

उहाँका अनुसार पालिकाले १५ महिनाभित्रका ४ सय ६१ जना बालबालिकालाई खोप लगाएको छ । १६ महिनादेखि ५ वर्षसम्मका १ हजार ३ सय ८ जना बालबालिकाले पूर्णखोप लगाइसकेका छन् । यस्तै, आज सोमबार थाहा नगरपालिका पूर्णखोप सुनिश्चित घोषणा हुने भएको छ । मकवानपुर जिल्लाको ६ वटा पालिका पूर्णखोप सुनिश्चित भइसकेका छन् ।

## साउन १ गतेदेखि...

भर्ना खुला गरी नियुक्त गरिएको थियो । नियुक्ति लिएको ९ महिनापछि मन्त्रालय पुनः सो कर्मचारीहरु हटाएको हो ।

### २ दिनमा विज्ञापन गर्न सचिवको निर्देशन

चालु आर्थिक वर्षमा नै नियुक्त गरेको कर्मचारी हटाउने निर्णय गराएका मन्त्रालयका सचिव बद्रीबहादुर खड्काले २ दिनभित्र पुनः नयाँ विज्ञापन खुला गर्ने निर्देशन दिनुभएको छ । उहाँले अस्पतालको स्थायी दरबन्दी अनुसारको रिक्त दरबन्दी विवरण तयार गरी मन्त्रालयबाट सहमति लिन तथा विज्ञापन गर्न निर्देशन दिनुभएको हो ।

उहाँले मन्त्रालयको आधिकारिक भाइबार म्यासेज ग्रुपमा लिखितरुपमा आज भोलिमा नै दरबन्दी विवरण तयार गरेर नयाँ भर्ना खुला गर्न निर्देशन दिनुभएको हो । उहाँको निर्देशनपश्चात् अस्पताल प्रशासन र व्यवस्थापन समिति दवावमा परेको छ ।

व्यवस्थापन समितिका अध्यक्ष प्रसाईंका अनुसार नयाँ भर्ना प्रक्रिया थाल्न आन्तरिक तयारीमा नै न्यूनतम एक महिनाको अवधि लाग्छ । चालु आर्थिक वर्षमा मात्र मन्त्रालयले भनेअनुसार नै विज्ञापन गरेर नियुक्त गरेको कर्मचारी हटाएर आजभोलि नै नयाँ भर्ना प्रक्रिया थाल्न निर्देशन दिनु उपयुक्त नभएको उहाँको भनाइ छ । लोकसेवा आयोगबाट भर्ना खुला गरेर कर्मचारी पठाउन छोडेर मन्त्रालय सेवा प्रवाहलाई बाधा पुग्ने गरी ८/९ महिनामा नै करारका कर्मचारी हटाउने र नयाँ भर्ना प्रक्रिया थाल्ने काममा लागेको उहाँको भनाइ छ ।

# ग्रेडवृद्धि परीक्षाका लागि ८ वटा केन्द्र

समाज संवाददाता

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) को ग्रेडवृद्धि परीक्षाका लागि मकवानपुर जिल्लामा ८ वटा परीक्षा केन्द्र तोकिएको छ । साउन २३ गतेदेखि ३१ गतेसम्म हुने ग्रेडवृद्धि (मौका) परीक्षाको लागि जिल्लाको हेटौंडा उपमहानगर पालिकामा ५ वटा, थाहा नगरपालिका, बकैया गाउँपालिका र मनहरी गाउँपालिकमा एक-एक वटा परीक्षा केन्द्र तोकिएको हो ।

हेटौंडा उपमहानगरपालिकाको श्रमिक माध्यमिक विद्यालय, सिद्धार्थ माध्यमिक विद्यालय, भूटनदेवी माध्यमिक विद्यालय, बालजागृति ईङ्गलिस बोर्डिङ स्कूल र आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा केन्द्र तोकिएको छ । यस्तै, बकैयाको बुद्ध माध्यमिक विद्यालय हात्तीसुँडे, मनहरी गाउँपालिकाको राष्ट्रिय रोटरी माध्यमिक विद्यालय र थाहा नगरपालिकाको जनकल्याण माध्यमिक विद्यालय पालुङमा केन्द्र तोकिएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरकी शाखा अधिकृत उन्नति ढकालले जानकारी दिनुभयो ।

श्रमिक माध्यमिक विद्यालयबाट १६ वटा विद्यालयका ३ सय ३८ जना विद्यार्थीले मौका परीक्षा दिनेछन् । सिद्धार्थ माध्यमिक विद्यालयबाट १५ वटा विद्यालयका ३ सय ३९ जना र प्राविधिक तर्फ १० वटा विद्यालयका एकसय ९८ जना विद्यार्थीले परीक्षा दिनेछन् । भूटनदेवी माध्यमिक विद्यालयबाट १६ वटा विद्यालयका ४ सय ८४ जना विद्यार्थी, बालजागृति ईङ्गलिस बोर्डिङ स्कूलबाट १३ वटा विद्यालयका ३ सय ३० जना र आधुनिक राष्ट्रिय माविबाट २५ वटा विद्यालयका ६ सय २५ जना विद्यार्थीले ग्रेडवृद्धि परीक्षा दिनेछन् ।

बकैया गाउँपालिकाको बुद्ध माध्यमिक विद्यालय हात्तीसुँडेबाट १५ वटा विद्यालयका ५ सय २३ जना, मनहरी गाउँपालिकाको राष्ट्रिय रोटरी माध्यमिक विद्यालयबाट १३ वटा विद्यालयका ४ सय ८१ जना विद्यार्थी र थाहा नगरपालिकाको जनकल्याण माध्यमिक विद्यालय पालुङबाट २३ वटा विद्यालयबाट ४ सय ८२ जना विद्यार्थीले मौका परीक्षा दिनेछन् ।

परीक्षाको बेलामा आवश्यक सुरक्षा जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बलले हेर्ने ढकालले बताउनुभयो । परीक्षाको उत्तरपुस्तिका ईकाइले छापिरहेको छ । विद्यार्थीले परीक्षामा एनजी ल्याएका वा उपस्थित हुन नपाएका सबै विषयमा परीक्षा दिन पाउने व्यवस्था मिलाइएको छ । गत वर्षसम्म विद्यार्थीले दुईटा विषयको परीक्षामात्र दिन पाउने गरेका थिए ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## चित्रकला






बेदाङ्ग सुवेदी, कक्षा ५



अन्जन प्रसाद यादव, कक्षा ५

## नेपाली आदिकवि



अमेश्का मैनाली

आदिकवि भनेर भानुभक्तलाई चिनिन्छ
पहिलो नेपाली कविता लेख्ने पनि उनलाई नै भनिन्छ
संस्कृतमा लेखिएको रामायण नेपालीमा लेखे
कवितामा उतारे उनले जेजे वरिपरी देखे

छन् उनका कृतिहरु अहिले पनि अमर
कविताद्वारा दिन्थे मानिसलाई अनेक खबर
छन् उनी अहिले पनि चर्चित हामी माझ
लेख्ने गर्थे उनी कविता जहिले पनि साँझ साँझ

महान् व्यक्तित्व हुन् नेपाली साहित्यको उनी
थियो उनको स्वभावमा धेरै असल र ज्ञानी
धर्मवती आचार्य थिइन् उनकी जन्मदिने माता
भानुभक्त नेपाली साहित्यको महान ज्ञाता

कक्षा-७

## भानुभक्त आचार्य



सम्पदा अर्जेल

नेपालको एक महान कवि थिए उनी
शान्त वातावरण मन पराउने व्यक्ति थिए उनी
राख्थे उनी कृतिहरुलाई सर्वोच्च मानी
कथा कविता उपन्यास लेख्ने थिए बुद्धिमानी

धनन्जय र धर्मावतीदेवी थिए उनका पितामाता
कथा, कविता र उपन्यासका थिए उनी दाता
तनहुँ जिल्लामा भयो उनको जन्म
कृतिहरु रच्न उनी साह्रै थिए मग्न

आदिकवि उपाधिले भए उनी सम्मानित
शान्त स्वभाव भएका उनी थिए स्वाभिमानी
उनका कृतिहरु छन् अझै अमर
सम्झछन् सबैले उनलाई भएपनि मरण

कक्षा-६

## मिलन-धर्मराज स्मृति फुटबलको फाइनल आज

# जीतको लक्ष्यसहित हासु र कैलाश मैदानमा उत्रने

समाज संवाददाता

हेटौंडाः पहिलो संस्करणको मिलन-धर्मराज स्मृति फुटबल प्रतियागिताको आज सोमबार फाइनल खेल हुँदैछ। गाउँपालिका वडा नम्बर-८ स्थित सिम्पानी मैदानमा फाइनल खेल हुनेछ ।

सिम्पानी युथ क्लबको आयोजनामा हुने प्रतियोगिताको फाइनल खेलमा उपाधिको होडमा हासु एफसी मनहरी र कैलाश एफसीबीच प्रतिस्पर्धा हुनेछ । फाइनल खेल दिउँसो ३ बजेबाट सुरु हुनेछ । दुबै टिम जीतको लक्ष्यसहित उपाधि जित्ने योजना बनाएर मैदानमा उत्रनेछन् ।

शनिबार भएको सेमिफाइनल चरणको दोस्रो खेलमा इन्टरनेट सिटीलाई १-० गोल अन्तरले हराउँदै हासु एफसी मनहरी फाइनलमा प्रवेश गरेको थियो भने बिहीबार भएको पहिलो सेमिफाइनल खेलमा आयोजक सिम्पानी युथ क्लबलाई १-० गोल अन्तरले हराउँदै कैलाशले फाइनलमा आफ्नो स्थान बनाएको थियो । हासु एफसीको तर्फबाट दिपेश चाम्लिङ राईले निर्णायक गोल गरेका थियो भने कैलाशको तर्फबाट अभिषेक लामाले गरेको गोल निर्णायक बन्न पुगेको थियो ।

बुधबार भएको क्वार्टरफाइनल खेलमा बागमती प्रदेश प्रहरी गण हेटौंडालाई २-१ गोल अन्तरले हराउँदै कैलाश सेमिफाइनलमा प्रवेश गरेको थियो भने बिहीबार भएको क्वार्टरफाइनल खेलमा चितवन जिल्लाको ईन्द्रकमल युथ क्लबलाई ४-० गोल अन्तरले हराउँदै हासु एफसी सेमिफाइनलमा प्रवेश गरेको थियो । कैलाशको तर्फबाट विजय दोङ र अभिषेक लामाले सम्मान एक-एक गोल गरेका थिए भने क्वार्टरफाइनल चरणमा पराजित प्रदेश प्रहरीको तर्फबाट विशाल थिङले मात्र एक गोल फर्काउन सफल भएका थिए । सेमिफाइनलमा प्रवेश गर्ने क्रममा हासु एफसीको तर्फबाट मोहित गुरुङले दुई गोल गरेका थिए भने जीत मगर र अभि लामाले समान एक-एक गोल गरेका थिए ।

गत सोमबार भएको पहिलो चरणको खेलमा हेटौंडा फुटबल एकेडेमीलाई ३-० गोलले हराउँदै कैलाश क्वार्टरफाइनलमा प्रवेश गरेको थियो । कैलाशको तर्फबाट सुनिल थिङले दुई गोल गरेका थिए भने सुजन गुरुङले एक गोल गरेका थिए । गत आइतबार भएको पहिलो चरणको खेलमा एफसी मिन्थालाई टाइब्रेकरमा ५-४ गोल अन्तरले हराउँदै हासु एफसी क्वार्टरफाइनलमा प्रवेश गरेको थियो । निर्धारित समयमा गोलरहित बराबरीमा रोकिएपछि नतिजाका लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो ।

प्रतियोगितामा १२ टिमको सहभागिता रहेको थियो । स्कुटर दुर्घटनामा निधन भएका गाउँपालिकाको पूर्वफुटबल खेलाडी मिलन धर्मराजको स्मृतिमा प्रतियोगिताको आयोजना गरेको क्लबका खेल संयोजक प्रकाश थिङले बताउनुभयो। प्रतियोगिताका लागि स्थानीय क्रसर व्यवसायी र अन्य व्यक्तिहरुबाट पनि सहयोग प्राप्त भइरहेको संयोजक थिङले बताउनुभयो ।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागततर्फ उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई ५-५ हजार रुपैयाँको नगद राशि र प्रमाणपत्र पदान गरिनेछ । यस्तै, प्रतियोगिता अवधिभरको सर्वोकृष्ट खेलाडीले ७ हजार रुपैयाँ र ट्रफी प्राप्त गर्नेछन् ।

# हेटौंडामा कोरा साइकल च्यालेन्ज सम्पन्न



समाज संवाददाता

हेटौंडाः हेटौंडामा तेस्रो संस्करणको मकवानपुर हेटौंडा कोरा साइकल च्यालेन्ज सम्पन्न भएको छ । हिमालयन राइडर्स सोसाइटीको आयोजना तथा विभिन्न निकायहरुको सहयोगमा शनिबार मकवानपुर कोरा साइकल च्यालेन्ज सम्पन्न भएको हो ।

हेटौंडा-१० स्थित भूटनदेवी मन्दिरबाट बिहान ८ बजे कोरा साइकल सुरु भएको थियो । कोरा साइकल च्यालेन्जमा सहभागीहरुले कर्रा पुल हुँदै गुम्बाचोक, सिमेन्टरोड, कुष्माण्ड सरोवर त्रिवेणीधामबाट फेरि पहिलाकै रुटमा फकिएर बुद्धचोक, हनुमान मन्दिर, चौकीटोलको ओरालो, लोकप्रियचोकबाट ओमशान्ति, जलेश्वर, वनस्खण्डी, मुक्तिनाथ, बुढानीलकण्ठ, दक्षिणकाली, रुद्रेश्वर, हेटौंडा-५ पिप्लेस्थित पिप्ले क्याम्पा रंगशाला, गर्दोई लक्ष्मीनारायण मन्दिर चिसापानी, भैरवरोड र चिल्ड्रेनपार्क रोडबाट पशुपतिनाथ मन्दिर हुँदै हुप्रचौरमा आएर कोरा साइकल च्यालेन्ज सम्पन्न गरेका थिए ।

२ सय जनाभन्दा बढी साइकल चालकको सहभागितामा २० वटा मन्दिरको परिक्रमा गरेर २१ किलोमिटरको यात्रा गरिएको सोसाइटीका उपाध्यक्ष राजु थापा मगरले जानकारी दिनुभएको छ । संसारभरी जुलाई १६ मा आयोजना हुने गरेको कोरा साइकल यो वर्ष जुलाई १३ मै आयोजना गरिएको उपाध्यक्ष थापा मगरले बताउनुभयो । कोरा साइकलमा सहभागी हुनेहरुसँग प्रतिव्यक्ति १ सय ५० रुपैयाँका दरले शुल्क लिइएको उहाँले बताउनुभयो ।

मकवानपुरको धार्मिक एवम् पर्यटकीय क्षेत्रको सम्भावनाको उजागर गर्ने लक्ष्य राखेर आयोजना गरेको कोरा साइकल यात्राको क्रममा प्रतिकूल मौसमको कारण र भारी वर्षाको कारणले धनजनको क्षति भइरहेको अवस्थामा पनि कोरा साइकल सफतलापूर्वक सम्पन्न भएको उहाँले बताउनुभयो। कोरा साइकल च्यालेन्जमा सहभागी भएका साइकल चालकहरुलाई सर्ट र प्रमाणपत्र पनि प्रदान गरेको उहाँले बताउनुभयो ।

कोरा साइकल च्यालेन्ज आयोजनाका लागि डिएचआइ बाइक फेम काठमाडौं, शिला एयर कन्डिस्नर एन्ड रेफ्रीजेरेटर, सौभाग्य सुनचाँदी पसल, उत्तम खुवा घर, जे एण्ड बी बारिस्टा एकेडेमी, गोर्खाली इन्टरप्राइजेज, गोर्खाली अटो सप्लायर्स, हेटौंडा मोबाइल, शुभलक्ष्मी मोबाइल, आरजे मोबाइल, कृषि विकास बैंक/सिएडी, राज मोटर्स, सुस्माज ब्युटी एकेडेमी, गरिमा सप्लायर्स/कृषा ट्रेडर्स, समाचार केन्द्र, हीरा आर्ट्स, सूर्य आर्ट्स, न्यु पर्वत आर्टस्, हेटौंडा फोटो लिंक, बुद्ध मेडिकल हल, हिमालयन राईडर्स एण्ड एमटीबी सप, पिएम सेन्टर, ईश्वर पाठक, विश्वम्भर दासलगायतले सहयोग गरेका थिए ।

# हेटौंडा-४ मा डेंगुको जोखिम उच्च

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-४ मा डेंगु रोगको जोखिम उच्च देखिएको छ । स्वास्थ्य निर्देशनालय, हेटौंडाले ४ नम्बर वडामा गरेको एकीकृत भेक्टर सर्भिलेन्सअन्तर्गत डेंगु भेक्टर सर्भेको नतिजाअनुसार हेटौंडा-४ मा डेंगु रोगको जोखिम उच्च रहेको बताइएको हो ।

निर्देशनालयले जेठ ३० गतेदेखि असार ४ गतेसम्म गरेको सर्भेको नतिजा आइतबार हेटौंडा उपमहानगरपालिकाको सभाहलमा सार्वजनिक गरेको थियो । स्वास्थ्य निर्देशनालयकी जनस्वास्थ्य प्रशासक सञ्जु राजको अध्यक्षता र हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा निर्देनालयकी किट वैज्ञानिक (ईन्टोमोलोजिस्ट) रीता बडुले सर्भेको प्रस्तुतिकरण गर्नुभएको थियो ।

निर्देशनालयले एकसय ६ वटा घर तथा सार्वजनिक स्थानमा सर्भे गरेको थियो । वडाको विभिन्न स्थान तथा घरमा लार्भा र प्युपाको खोजी गर्दा एक सय ६ वटा घरमध्ये ७७ वटा घरमा लार्भा र प्युपा पाइएको थियो । यस्तै, ३ सय ५१ वटा पानी भरिएका कन्टेनर र भाँडाकुँडाहरुमध्ये एक सय ६१ वटा कन्टेनरमा लार्भा र प्युपा पाइएको बडुले बताउनुभयो। बडुका अनुसार वडाबाट ३ सय १८ वटा प्युपा संकलन भएका छन् । सर्भेको क्रममा प्युपा र लार्भाबाट उत्पन्न वयस्क एडिज लामखुट्टेको संख्या ४ सय ८ रहेको उहाँको भनाइ छ ।

निर्देशनालयले हेटौंडा-४ मा रहेका टायरबाट ९० दशमलब ९ प्रतिशत लार्भा र प्युपा संकलन गरेको छ। वडामा एडिस लामखुट्टेको लार्भा र प्युपा सूचकाङ्क न्यूनतम सीमाभन्दा बढी रहेकाले डेंगु रोग सङ्क्रमणको उच्च जोखिम रहेको बडुले बताउनुभयो।

हेटौंडा उपमहानगरपालिकाले डेंगु रोकथामका लागि एक लाख रुपैयाँ लगाएको नगर प्रमुख लामाले बताउनुभयो । डेंगुसम्बन्धी योजनाबद्ध काम हुने लामाले प्रतिबद्धता जनाउनुभएको छ । हेटौंडा-४ मात्र नभई हेटौंडाको १९ वटै वडामा डेंगुको जोखिम रहने देखिएको छ ।

# बालकुमारी स्मृति तथा सम्मान कार्यक्रम सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१७, राजदेवीमा चौथो बालकुमारी थापा स्मृति दिवस तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ । शुक्रबार बालकुमारी थापाको चौथो स्मृति दिवसको अवसर पारेर नेकपा एमाले स्थायी कमिटीका २ जना सदस्यलाई सम्मानसहित कार्यक्रम सम्पन्न भएको स्मृतिका सचिव सुमित्रा काफ्लेले जानकारी दिनुभयो ।

स्मृतिले अग्रज महिला तारा लामा र सीता लामिछानेलाई नगद ५ हजार रुपैयाँ र सम्मान पत्रसहित सम्मान गरिएको उहाँले जानकारी दिनुभयो। लामा र लामिछानेले लामो समयदेखि सामाजिक रुपान्तरण, राजनीतिक परिवर्तन र महिला सशक्तिकरणको क्षेत्रमा योगदान पुऱ्याउँदै आउनुभएको थियो ।

कार्यक्रम पार्टी स्थायी कमिटी सदस्य एवम् पूर्वप्रदेश प्रमुख सीता पौडेलको प्रमुख आतिथ्यमा भएको थियो । कार्यक्रममा विभिन्न तहको प्रमुख, उपप्रमुख एवम् सदस्यहरुको उपस्थिति रहेको थियो ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७











के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ